# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं


मिति: २०७५।०५।२१ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

----------------------------------------------

यातायात व्यवस्था कार्यालय ठूलोभर्याङ्ग, स्वयम्भु काठमाडौंमा कार्यरत सहलेखापाल देवेन्द्र गोइत र मेडिकल सहायक(निजी) नारायण श्रेष्ठले ट्रायल परीक्षा उत्तिर्ण गरेका छब्बीस जना परीक्षार्थीहरुबाट राजश्व रकम बाहेक थप रकम घुस/रिसवत वापत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय काठमाडौंबाट खटिइ गएको टोलीले निजहरुलाई रु.१६,०००।-(सोह्र हजार) घुसवापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निज सहलेखापाल देवेन्द्र गोइतले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.१६,०००।- (सोह्र हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन तथा उक्त घुस लेनदेन कार्यमा मतियारको भुमिका निर्वाह गर्ने मेडिकल सहायक(निजी) नारायण श्रेष्ठले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २२ बमोजिम कसुर गरेको सप्रमाण पुष्टि हुन आएकोले निजलाई बिगो रु.१६,०००।-(सोह्र हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता